अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा हरि नाथको हकमा पुनरावेदन गरिएका आधारहरु
१	गोबिन्द बहादुर खड्का समेत (वि.अ. को मु.नं. ०७८-CR-००७३), वि.अ. को फैसला मिति २०८०।१२।१२	गैरकानूनी लाभ, हानि।	लिखु तामाकोशी गाँउपालिका, रामेछापका अध्यक्ष गोबिन्द बहादुर खड्काको हकमा :- लिखु तामाकोशी गाँउपालिकाले आ.व. ०७४/०७५ र ०७५/०७६ मा वडा नं. ५ (सावि‍क नागदह गाविस वडा नं. १-५ र ६-९) तथा वडा नं. ४ (सावि‍क विजुलीकोट) र वडा नं. १ (सावि‍क दुरागाँउ वडा नं. १-९) तथा थप विद्युत प्रसारण योजना होपिनामा विद्युतीकरण योजनाहरु कार्यान्वयन गर्दा गाँउपालिका अध्यक्ष गोबिन्द बहादुर खड्काले विद्युतीकरण जस्तो जटिल प्रकृतिको कामको अनुभव र कार्यक्षमता नभएका उपभोक्ता समितिहरु गठन गर्न लगाई विनियोजित रकमलाई टुक्रा-टुक्रा गरी उपभोक्ता समितिहरुमा बाँडी शुरु सम्झौताको रकम बमोजिमको लागत अनुमान तयार गर्न लगाई र थप विद्युतीकरण कार्यको लागत अनुमान विना प्राविधिकको राय परामर्श नलिई फेज परिवर्तन गराई गाँउसभा र गाँउ कार्यपालिकालाई भएको अधिकार समेत आफैले प्रयोग गरी विभिन्न शिर्षकको रकमबाट खर्च लेख्र आदेश दिई सोही बमोजिमका टिप्पणी आदेश सदर गरी विद्युतीय सामान खरिद गर्न विभिन्न फर्महरुको नामबाट प्राय सबै उपभोक्ता समितिहरु र गाँउ कार्यपालिकाको कार्यालयको नाममा दररेट लिएको र कार्यादेश दिएको देखाई प्रतिष्पर्धा नै नहुने गरी डि.जे. सप्लायर्सको प्रोप्राईटर दिपेन्द्र संग्रौलाबाट अस्वभाविक रुपमा बढि मुल्य तिरी आवश्यक पर्ने भन्दा अस्वाभाविक रुपमा बढि सामान खरिद, ढुवानी गरी गर्न लगाई तथा उपभोक्ता समितिहरु जिम्मा दिएको विद्युतीकरण कार्यमा गाँउ कार्यपालिकाको कार्यालयबाट पनि सामानहरु खरिद गर्न लगाई खरिद सामानहरु मध्ये कतिपय सामानहरु हिनामिना गरी पोल गाड्ने, तार तान्ने, ट्रान्सफर्मर जडानको श्रमिक कार्य गर्न उपभोक्ता समितिहरुलाई पाईक कन्स्ट्रक्सन प्रा.लि. सँग सम्झौता गर्न लगाई काम सम्पन्न गरी/गराई वडा नं. ५ सावि‍क नागदह १-५ र वडा नं. ४ विजुलीकोटमा तार तान्ने ज्यालाको कामको खुद काम गरेको भन्दा बढी परिमाण देखाई बिल जारी गर्न लगाई गाँउ	१. विशेष अदालतको फैसला प्रतिवादीहरु गोबिन्दबहादुर खड्का, राजुप्रसाद न्यौपाने, टंकप्रसाद चौलागाई, दुर्गाबहादुर तामाङ र नोर्बु लामाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १ को खण्ड (ङ) र (च) अन्तर्गतको कसूर गरेको देखिएकाले निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ८(१) बमोजिम प्रतिवादी गोबिन्दबहादुर खड्कालाई निजको पदीय दायित्व र जिम्मेबारी समेतलाई मध्यनजर गरी ६ महिना कैद र सोही पदीय हैसियत र जिम्मेबारी अनुसार रु.१,९९,३२,५०९।८८ (एक करोड उनान्सय लाख बत्तीस हजार पाँच सय नौ रुपैयाँ अठासी पैसा) जरिबाना समेत हुने ठहर गरी साथै अर्का प्रतिवादी राजुप्रसाद न्यौपाने र टंकप्रसाद चौलागाईको हकमा जनही कैद ३ महिना कैद र निजहरुको पदीय जिम्मेबारी	**<u>विशेष अदालतबाट भएको उक्त फैसला देहायको आधार र कारणबाट बदरभागी रहेको छः-</u>** क. प्रस्तुत मुद्दामा, लिखु तामाकोशी गाँउपालिका, रामेछापबाट आ.व. ०७४/०७५ र ०७५/०७६ मा वडा नं. ५ सावि‍क नागदह गा.वि.स. वडा नं. १-५ र ६-९ तथा वडा नं. ४ सावि‍क विजुलीकोट, केन्द्रिय प्रसारण लाईनको वरपरका वस्तीहरु समेतमा विद्युतीकरण योजनाहरु कार्यान्वयन गर्दा लिखु तामाकोशी गाँउपालिकाका अध्यक्ष गोविन्द बहादुर खड्का, तत्कालिन प्रमुख प्रशासकीय अधिकृत राजु प्रसाद न्यौपाने, टंक प्रसाद चौलागाई लेखापाल दुर्गा बहादुर डिम्दोङ तामाङ, विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी, गा.पा.-५ सावि‍क नागदह गाविस १-५ का अध्यक्ष वेत बहादुर पुँवार, कोषाध्यक्ष ममीता श्रेष्ठ, सचिव सुब्बा थापामगर, विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी, गा.पा.-५ सावि‍क नागदह गाविस ६-९ का अध्यक्ष सुन बहादुर तामाङ, कोषाध्यक्ष करिष्मा परियार, सचिव दल बहादुर तामाङ र विद्युतीकरण उपभोक्ता समिति, लिखु गा.पा.-४, सावि‍क विजुलीकोटका अध्यक्ष होम बहादुर महत, कोषाध्यक्ष अनिता श्रेष्ठ र सचिव डिल्ली बहादुर सुनुवारको मिलेमतोमा आफुहरुलाई गैरकानुनी लाभ पुऱ्याउने र सरकारी रकममा हानी नोक्सानी पुऱ्याउने बदनियतले कार्य अनुभव र कार्यक्षमता नभएका उपभोक्ता समितिहरुसँग विद्युतीकरण जस्तो जटिल प्रकृतिको काम गर्न योजना सम्झौता गरी/गराई शुरु विनियोजित रकमको जनसहभागिताको अंश र कन्टिन्जेन्सीको रकम समावेश नभएको लागत अनुमानहरु स्वीकृत गरी र अन्य विभिन्न शिर्षकको खर्चबाट गरिएको थप विद्युतीकरण कार्यको

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			कार्यपालिकाको निर्णय, सम्झौताका सर्तहरु र विद्यमान कानुन विपरित प्राविधिक मुल्याङ्कन र अनुगमन प्रतिवेदन विना भुक्तानीका लागि उपभोक्ता समितिहरुलाई निवेदन पेश गर्न लगाई तत्काल समावेश नभएका भुक्तानीका लागि आवश्यक पर्ने कागजातहरुको जिम्मेवारी आफुले नै लिने प्रतिवद्धता जनाई उक्त निवेदनहरुमा बिल भर्पाई बमोजिमको रकम समितिको खातामा भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतको नाममा तोक आदेश गरी उपभोक्ता समितिहरुको बैङ्क खातामा भुक्तानी गर्न लगाई उपभोक्ता समितिहरुका पदाधिकारीहरुलाई विश्वासमा लिई उपभोक्ता समितिहरुको रकम उल्लेख भएको र रकम उल्लेख नभएको खाली बैङ्क चेक समेतमा दस्तखत गर्न लगाई सम्बन्धित फर्म र कम्पनीहरुलाई भुक्तानी दिई लिखु तामाकोशी गाँउपालिका वडा नं. ५ (साविक नागदह वडा नं. १-५ र ६-९) र वडा नं. ४ (साविक विजुलीकोट) को विद्युतीकरणमा रु.१,२६,७५,५०३.।६२ (एक करोड छब्बीस लाख पछहत्तर हजार पाँच सय तीन रुपैया बासट्टी पैसा) र ऐ. गाँउपालिका वडा नं. १ (साविक दुरागाँउ गाविस १-९) र थप विद्युत प्रसारण योजना होपिनाको विद्युतीकरणमा रु.२,९४,२५,२०२.६२।- (दुई करोड चौरानब्बे लाख पच्चीस हजार दुई सय दुई रुपैया बासठ्ठी पैसा) गरी जम्मा रु.४,२१,००,७०६।२४ (चार करोड एक्काईस लाख सात सय छ रुपैया चौबीस पैसा) गैर कानुनी लाभ हानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा १ को देहाय खण्ड (ङ), (च) र (ञ) र दफा ८ को उपदफा (३) को कसुर गरेकोले निज गोबिन्द बहादुर खड्का उपर रु.४,२१,००,७०६.२४।- (चार करोड एक्काईस लाख सात सय छ रुपैया चौबीस पैसा) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (३) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ८ (१) बमोजिम बिगो असुल उपर हुन मागदावी लिईएको छ । लिखु तामाकोशी गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछापका तत्कालीन प्रमुख प्रसाशकीय अधिकृत राजु प्रसाद	अनुसार जनही रु.६३,१०,८३६।६२ (त्रिसठ्ठी लाख दश हजार आठ सय छत्तीस रुपैयाँ बैसठ्ठी पैसा) जरिबाना हुने र प्रतिवादीहरु दुर्गा बहादुर डिमडोङ तामाङ र नोर्बु लामाको हकमा जनही कैद ३ महिना कैद र निजहरुको पदीय हैसियत अनुसार जनही रु.३१,५५,४१८।३१ जरिबाना हुने ठहर्छ। उपर्युक्त प्रतिवादीहरुलाई ठहर भएको जरिबाना बराबरको रकम निज प्रतिवादीहरुबाट बिगो असुल उपर हुनेसमेत ठहर गरी अन्यमा दावी नपुग्ने भनी फैसला भएको छ ।पाइक कन्स्ट्रक्सन प्रा.लि. का संचालक अमृतबहादुर तामाङ (रुम्बा) को हकमा हेर्दा, खुद गरेको काम भन्दा बढीको काम देखाई झुट्टा बिल जारी भुक्तानी लिएको देखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को कसूरको मतियार भई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसूर	प्राविधिक लागत अनुमान विना फेज परिवर्तन गराई विना खरिद समिति ट्रान्सफर्मर, ACSR Conductor, पोल जस्ता विशेष महत्वपुर्ण सामग्रीहरु विना कुनै स्पेसिफिकेसन सोझै आपुर्तिकर्ताबाट दररेट पेश गर्न लगाई र सो बाहेकका अन्य सबै विद्युतीकरण सम्बन्धी सामाग्रीहरु सबै उपभोक्ता समितिहरुको लागि विभिन्न फर्महरुको नामबाट कोटेसन लिएको देखाई एउटै व्यक्तिबाट आवश्यक पर्ने भन्दा अस्वाभाविक रुपमा बढि सामानहरु खरिद ढुवानी गरी गराई त्यस मध्ये कतिपय सामानहरु हिनामिना समेत गरी तथा थप कार्य गर्दा ०.०३ र ०.०५ ACSR Conductor लगायतका केही सामानहरु अस्वभाविक रुपमा बढि मुल्य तिरी आवश्यक पर्ने भन्दा अस्वाभाविक रुपमा बढि खरिद गरी गराई सामान प्राप्ती, खर्च र बाँकीको अभिलेख नराखी उपभोक्ता समितिलाई जिम्मा दिईएको काम मध्येको पोल गाड्ने, तार तान्ने जडान समेतको श्रमिक कार्य ठेक्का दिई गर्नु नहुनेमा कानुन विपरित पाईक कन्स्ट्रक्सन प्रा.लि. सँग सम्झौता गरी सम्पन्न गराई श्रमिक खर्चमा समावेश भएको मुल्य अभिवृद्धि कर समेत उपभोक्ता समितिलाई भुक्तानी दिई/लिई उक्त प्रा.लि.का संचालक अमृत बहादुर तामाङसँगको मिलेमतोमा तार तान्ने ज्यालाको कामको फिल्डमा खुद गरेको काम भन्दा बढि काम गरेको देखाई योजना सम्झौताका शर्तहरु, गाँउ कार्यपालिकाको निर्णय र विद्यमान कानुन विपरित प्राविधिक मुल्याङ्कन प्रतिवेदन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन विना सामान खरिद ढुवानी र पोल तार जडानको श्रमिक कार्यको बिलहरु मात्रको आधारमा जनसहभागिताको अंश र कन्टिन्जेन्सीको रकम कट्टा नगरी लिखु तामाकोशी गाँउपालिका, रामेछाप वडा नं. ५ साविक नागदह गा.वि.स. वडा नं. १-५ र ६-९) तथा वडा नं. ४ साविक विजुलीकोट गा.वि.स.को विद्युतीकरण कार्य गर्दा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			न्यौपानेको हकमाः- लिखु तामाकोशी गाँउपालिकाले आ.व. ०७४/०७५ र ०७५/०७६ मा उक्त गाँउपालिकाको वडा नं. ५ (साविक नागदह गा.वि.स। वडा नं. १-५ र ६-९) तथा वडा नं. ४ (साविक विजुलीकोट) मा गरेको विद्युतीकरण कार्यमा तत्कालिन प्रमुख प्रसासकीय अधिकृत राजु प्रसाद न्यौपानेले उपभोक्ता समितिसँग सम्झौता गरी कार्यान्वयन हुने विद्युतीकरण योजनाहरुको जनसहभागिताको अंश र कन्टिन्जेन्सीको रकम उल्लेख नभएको लागत अनुमानहरु स्वीकृत गरी थप विद्युतीकरण कार्यको लागत अनुमान नै तयार नगरी प्रतिष्पर्धा नहुने गरी सबै उपभोक्ता समितिहरुको लागि विभिन्न फर्महरुको नामबाट दररेट लिएको देखाई ट्रान्सफर्मर पोल बाहेकका सम्पुर्ण सामाग्रीहरु एउटै व्यक्ति डि.जे. सप्लायर्सको प्रोप्राईटर दिपेन्द्र संग्रौलाबाट आवश्यक पर्ने भन्दा अस्वभाविक रुपमा बढि सामान खरिद गरी गराई तथा थप कार्य गर्दा ०.०३ र ०.०५ कन्डक्टर तार बढि मुल्य तिरी आवश्यक पर्ने भन्दा बढि खरिद गरी सामानहरु प्राप्ति, खर्च र बाँकिको अभिलेख नराखी विद्युतीकरणको पोल गाड्ने, तार तान्ने, ट्रान्सफर्मर जडान समेतको लेवर कार्य कानुन विपरित पाईक कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता गरी/गराई श्रमिक खर्चमा समावेश भएको मुल्य अभिवृद्धि कर समेत उपभोक्ता समितिहरुलाई भुक्तानी दिई तार तान्ने ज्यालाको कामको फिल्डमा खुद भए गरेको काम भन्दा बढि परिमाण देखाई जारी गरिएको झुट्टा बिलहरु समेतमा योजना सम्झौताका शर्तहरु, गाँउ कार्यपालिकाको निर्णय र विद्यमान कानुन विपरित प्राविधिक मुल्याङ्कन प्रतिवेदन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन विना सामानहरु खरिद र ज्यालाको बिलहरु मात्रको आधारमा भुक्तानी दिई निजले भुक्तानी दिएको जम्मा रु.४,७९,३६,७७५।- रकम मध्ये रु.१,१२,८२,१७८।०९ (एक करोड बाह्र लाख बयासी हजार एक सय अटहत्तर रुपैया नौ पैसा) गैर कानुनी लाभ हानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ङ), (च) र (ञ) र दफा ८ को उपदफा (३) को कसुर गरेकोले निज राजु प्रसाद	गरेको देखिंदा निजलाई सोही ऐनको दफा २२ बमोजिम ३ महिना कैद र बिगो बमोजिम रु.४२,३५,६८६।४७ जरिबाना तथा सो बिगो रकम समेत निजबाट असुल उपर हुने र अन्य प्रतिवादीहरु बेतबहादुर पुँवार, सुब्बा थापा मगर, ममिता श्रेष्ठ, सुनबहादुर तामाङ, करिष्मा परियार, दलबहादुर परियार, मेनुका खड्का, घन्टिदेवी सुनुवार, दिलमाया सुनुवार, अशोककुमार सुनुवार, प्रकाश सुनुवार, अश्मिन रोक्का, युवराज सुनुवार, तारा गुरुङ्ग, प्रचण्ड सुनुवार, बुद्धिबहादुर तामाङ्ग, डिल्लीबहादुर सुनुवार, होमबहादुर महत, अनिता श्रेष्ठ, क्याल्बु तामाङ र काजीबाबु तामाङले अभियोग दावीबाट सफाई पाउने ठहर गरी विशेष अदालत काठमाण्डौंवाट मिति २०८०।१२।१२ मा फैसला भएको देखिन्छ । २. प्रतिवादीहरु गोबिन्दबहादुर खड्का, राजुप्रसाद न्यौपाने, टंकप्रसाद चौलागाई, दुर्गाबहादुर तामाङ र नोर्बु	रु.१,२६,७५,५०३।६२ (एक करोड छब्बीस लाख पछहत्तर हजार पाँच सय तीन रुपैया बासट्टी पैसा) गैर कानुनी लाभ हानी पुऱ्याएको देखिरहेको अवस्थामा प्रतिवादीहरुलाई आरोपदावी बमोजिम नै सजाय गर्नुपर्नेमा सो तर्फ अन्देखा गरी भएको फैसला कानून व्याख्या र प्रमाणको रोहमा त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ। ख. आ.व. ०७५/०७६ मा लिखु तामाकोशी गाँउपालिका वडा नं. १ साविक दुरागाँउ गा.वि.स. १-९ र थप विद्युत प्रसारण योजना होपिनामा विद्युतीकरण विस्तार कार्य कार्यान्वयन गर्दा गाँउपालिका अध्यक्ष गोविन्द बहादुर खड्का, तत्कालिन प्रमुख प्रसाशकीय अधिकृत टंक प्रसाद चौलागाई, लेखापाल नोर्बु लामा, विद्युतीकरण उपभोक्ता समिति लिखु तामाकोशी गा.पा.-१ दुरागाँउ १-३, अध्यक्ष काजीबाबु थापा, कोषाध्यक्ष तारा गुरुङ, सचिव युवराज सुनुवार, विद्युतीकरण उपभोक्ता समिति लिखु तामाकोशी गा.पा.-१ दुरागाँउ ४-६ का अध्यक्ष बुद्धि बहादुर तामाङ, कोषाध्यक्ष मेनुका खड्का, सचिव अस्मिन रोक्का विद्युतीकरण उपभोक्ता समिति लिखु तामाकोशी गा.पा.-१ दुरागाँउ ७-९ का अध्यक्ष प्रचण्ड सुनुवार, कोषाध्यक्ष घण्टिका देवी सुनुवार, सचिव क्याल्बु तामाङ र थप विद्युतीकरण प्रसारण उपभोक्ता समिति, लिखु तामाकोशी गा.पा.-१, रामेछापका अध्यक्ष अशोक कुमार सुनुवार, कोषाध्यक्ष दिलमाया थापा र सचिव प्रकाश सुनुवारको मिलमतोमा कार्य अनुभव र कार्यक्षमता नै नभएका उपभोक्ता समितिहरुबाट विद्युतीकरण जस्तो जटिल प्राविधिक कार्य गर्न गराउन सम्झौता गरी/गराई दोस्रो सम्झौता बमोजिमको कामको लागत अनुमानहरु तयार नगरी कानुन विपरितको समग्र दुरागाँउको विद्युतीकरणका लागि तयार गरेको एकमुष्ट लागत अनुमान कार्यपालिकाबाट स्वीकृत गराई तथा केही विद्युतीकरणको

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			न्यौपाने उपर रु.१,१२,८२,१७८।०९ (एक करोड बाह्र लाख बयासी हजार एक सय अटहत्तर रुपैया नौ पैसा) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (३) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ८ (१) बमोजिम बिगो असुल उपर हुन मागदावी लिईएको छ । लिखु तामाकोशी गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछापका तत्कालीन लेखापाल दुर्गा बहादुर डिम्दोङ तामाङको हकमा :- लिखु तामाकोशी गाँउपालिकाले आ.व. ०७४/०७५ र ०७५/०७६ मा उक्त गाँउपालिकाको वडा नं. ५ (साविक नागदह गाविस वडा नं. १-५ र ६-९) तथा वडा नं. ४ (साविक विजुलीकोट) मा गरेको विद्युतीकरण कार्यमा लेखापाल दुर्गा बहादुर डिम्दोङ तामाङले प्रतिष्पर्धा नहुने गरी सबै उपभोक्ता समितिहरुको लागि विभिन्न फर्महरुको नामबाट दररेट लिएको देखाई ट्रान्सफर्मर, पोल बाहेकका सम्पुर्ण सामाग्रीहरु एउटै व्यक्तिबाट आवश्यक पर्ने भन्दा अस्वभाविक रुपमा बढि सामान खरिद गरी गराई तथा थप कार्य गर्दा ०.०३ र ०.०५ कन्डक्टर तार बढि मुल्य तिरी आवश्यक पर्ने भन्दा बढि खरिद गरी सामान प्राप्ति, खर्च र मौज्दातको अभिलेख नराखी उपभोक्ता समितिले सम्झौता गरी जिम्मा लिएको विद्युतीकरण कार्यको पोल गाड्ने, तार तान्ने जडान समेतको श्रमिक कार्य कानुन विपरित पाईक कन्स्ट्रक्सन प्रा.लि. सँग सम्झौता गरी गराई श्रमिक खर्चमा समावेश भएको मुल्य अभिवृद्धि कर समेत उपभोक्ता समितिलाई भुक्तानी दिई तार तान्ने ज्यालाको कार्य फिल्डमा खुद भए गरेको भन्दा बढि देखाई जारी गरिएको झुट्टा बिल समेतमा योजना सम्झौताका शर्तहरु, गाँउ कार्यपालिकाको निर्णय र विद्यमान कानुन विपरित प्राविधिक मुल्याङ्कन प्रतिवेदन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन विना खरिद बिलहरु र ज्यालाको काम गरेको बिल मात्रको आधारमा जनसहभागिताको अंश र कन्टिजेन्सीको रकम कट्टा नगरी भुक्तानी दिई रु.१,२६,७५,५०३।६२ (एक करोड छब्बीस लाख पछहत्तर हजार पाँच सय तीन रुपैया बासठ्ठी पैसा) गैर कानुनी लाभ हानी	लामालाई अभियोग मागदावी भन्दा भिन्न कसूर कायम गरी अमृत तामाङ (रुम्बा) लाई मतियारको कसूर कायम गरी अन्य प्रतिवादीहरु बेतबहादुर पुँवार ,सुब्बा थापा मगर , ममिता श्रेष्ठ ,सुनबहादुर तामाङ ,करिष्मा परियार , दलबहादुर परियार ,मेनुका खड्का ,घन्टिदेवी सुनुवार , दिलमाया सुनुवार , अशोककुमार सुनुवार ,प्रकाश सुनुवार ,अश्मिन रोक्का , युवराज सुनुवार ,तारा गुरुङ , प्रचण्ड सुनुवार ,बुद्धिबहादुर तामाङ ,डिल्लीबहादुर सुनुवार ,होमबहादुर महत , अनिता श्रेष्ठक्याल्बु तामाङ , र काजीबाबु तामाङले अभियोग दावीबाट सफाई दिदा लिएको आधारहरुः- क.प्रतिवादीहरु बेतबहादुर पुँवार, सुब्बा थापा मगर, ममिता श्रेष्ठ, सुनबहादुर तामाङ, करिष्मा परियार, दलबहादुर परियार, मेनुका खड्का, घन्टिदेवी सुनुवार, दिलमाया सुनुवार, अशोककुमार सुनुवार, प्रकाश सुनुवार,	कार्य लागत अनुमान विना सबै उपभोक्ता समितिहरुको लागि सामानहरु उप्लब्ध गराउन दिपेन्द्र संग्रौलाले नै प्रयोग गरेका फर्म र कम्पनीहरुको नाममा कायदिश दिई निजबाट नै सम्पुर्ण विद्युतीय सामानहरु लागत अनुमानको मुल्य भन्दा अस्वभाविक रुपमा बढि मुल्य तिरी आवश्यक पर्ने भन्दा अस्वाभाविक रुपमा बढि सामान खरिद ढुवानी गरी/गराई खरिद सामानहरुको प्राप्ती, खर्च, र बाँकिको अभिलेख समेत नराखी उपभोक्ता समितिहरुले जिम्मा लिएको विद्युतीकरण कार्यको पोल गाड्ने, तार तान्ने जडान समेतको श्रमिक कार्य कानुन विपरित पाईक कन्स्ट्रक्सन प्रा.लि. सँग सम्झौता गरी सम्पन्न गराई योजना सम्झौताका शर्तहरु, गाँउ कार्यपालिकाको निर्णय र विद्यमान कानुन विपरित प्राविधिक मुल्याङ्कन प्रतिवेदन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन विना सामान खरिद ढुवानी गरेका बिल मात्रको आधारमा जनसहभागिताको अंश र कन्टिन्जेन्सीको रकम कट्टा नगरी भुक्तानी लिने/दिने कार्य गरी लिखु तामाकोशी गाँउपालिका, रामेछाप वडा नं. १ साविक दुरागाँउ गा.वि.स. वडा नं. १-९ र थप विद्युत प्रसारण योजना होपिनाको विद्युतीकरणको कार्य गर्दा रु.२,९४,२५,२०२।६२ (दुई करोड चौरानब्बे लाख पच्चीस हजार दुई सय दुई रुपैया बासठ्ठी पैसा) गरी आ.व. ०७४/०७५ र ०७५/०७६ मा गरिएको विद्युतीकरण कार्यमा नियमानुसारको कर कट्टा गरी भुक्तानी भएको रकम मध्ये कुल रु.४,२१,००,७०६।२४ (चार करोड एक्काईस लाख सात सय छ रुपैया चौबीस पैसा) गैर कानुनी लाभ हानी पुऱ्याई भ्रष्टाचारजन्य कसुर गरेको भन्ने देखिरहेको अवस्थामा प्रतिवादीहरुलाई आरोपदावी वमोजिम नै कसूर ठहर गरी सजाय हुनुपर्नेमा सो तर्फ अन्देखा गरी भएको

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			पुऱ्याई भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा १ को देहाय खण्ड (ङ), (च) र (ञ) र दफा ८ को उपदफा (३) को कसुर गरेकोले निज दुर्गा बहादुर डिम्दोङ तामाङ उपर रु.१,२६,७५,५०३।६२ (एक करोड छब्बीस लाख पछहत्तर हजार पाँच सय तीन रुपैया बासठ्ठी पैसा) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा १ र दफा ८ को उपदफा (३) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ८ (१) बमोजिम बिगो असुल उपर हुन मागदावी लिईएको छ । विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी, गा.पा.-५ (साविक नागदह गाविस १-५) का अध्यक्ष वेत बहादुर पुँवार, कोषाध्यक्ष ममीता श्रेष्ठ, सचिव सुब्बा थापामगरको हकमा :-लिखु तामाकोशी गाँउपालिका वडा नं. ५ साविक नागदह गा.वि.स. वडा १-५ मा आ.व. २०७४/०७५ र ०७५/०७६ मा कार्यको अनुभव र क्षमता समेत नभएको अवस्थामा पनि विद्युतीकरण जस्तो प्राविधिक कार्य गर्न सम्झौता गरी जिम्मा लिई आवश्यक पर्ने भन्दा बढी विद्युतिकरण सम्बन्धी सामाग्रीहरु खरिद गरी तथा थप कार्य गर्दा ०.०३ र ०.०५ कन्डक्टर तार बढि मुल्य तिरी आवश्यक पर्ने भन्दा बढि खरिद गरी सामान प्राप्ती, खर्च र मौज्दातको अभिलेख नराखी त्यस मध्ये कतिपय सामानहरु हिनामिना गरी सम्झौता गरी लिएको विद्युतीकरण कार्यको पोल गाड्ने तार तान्ने कार्य कानुन विपरित पाईक कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता गरी सम्पन्न गराई श्रमको काममा समेत मुल्य अभिवृद्धी कर समावेश भएको बिलहरुबाट भुक्तानी लिई र तार तान्ने कामको फिल्डमा खुद गरेको काम भन्दा बढि काम गरेको देखाई जारी बिल समेतमा विद्यमान कानुन र सम्झौताका शर्तहरु विपरित प्राविधिकबाट निरीक्षण सुपरिवेक्षण तथा नापजाच नगराई प्राविधिक प्रतिवेदन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदनसमेतका कागजातहरु विना तथा सार्वजनिक सुनुवाई नगरी तथा सो सम्बन्धमा समितिबाट कुनै निर्णय समेत नगरी सामानहरु खरिद तथा ज्यालाको कामको बिलहरुको आधारमा मात्र भुक्तानी हुन गाँउकार्यपालिकाको कार्यालयमा निवेदन	अश्मिन रोक्का, युवराज सुनुवार, तारा गुरुङ्ग, प्रचण्ड सुनुवार, बुद्धिबहादुर तामाङ्ग, डिल्लीबहादुर सुनुवार, होमबहादुर महत, अनिता श्रेष्ठ, क्याल्बु तामाङ र काजीबाबु तामाङको हकमा निर्णय तर्फ हेर्दा, यी प्रतिवादीहरु समग्रमा भन्नु पर्दा निजहरु कुनै निर्णायक पदमा बहाल रहेको तथा निजहरुको उक्त कार्यमा महत्वपूर्ण भूमिका रहेको भन्ने नदेखिएको साथै खरिद सम्बन्धी टिप्पणी आदेश र भुक्तानीमा निज प्रतिवादीहरुको कुनै मनसाय, बदनियत, मिलेमतो र प्रत्यक्ष वा परोक्ष संलग्नता रहेको अवस्था अभियोजन पक्षले देखाउन नसकेको । ख.प्रतिवादीहरु गोबिन्दबहादुर खड्का, राजुप्रसाद न्यौपाने, टंकप्रसाद चौलागाई, दुर्गाबहादुर तामाङ, नोर्बु	फैसला त्रुर्टिपूर्ण भई बदरभागी रहेको छ । ग. मिति २०७४/३/२८ को गाउँ कार्यपालिकाको निर्णय अनुसार "उज्यालो लिखु गाउँपालिका" बनाउने निर्णय गरी विद्युतीकरण योजना प्रारम्भ गरेको देखिन्छ। सो योजना अन्तर्गत उक्त गाउँपालिकाको मिति २०७४/३/३० को गाउँसभाबाट भएको निर्णय बमोजिम आ.ब. २०७४/०७५ का लागि रु.३,००,००,०००। (तीन करोड रुपैयाँ) बनियोजन गर्ने निर्णय भएको पाइन्छ। त्यसैगरी आ.ब. २०७५/०७६ का लागि उक्त गाउँसभाको मिति २०७५/३/२३ को निर्णय अनुसार रु.४,०९,००,०००। (चार करोड नब्बे लाख) बजेट बिनियोजन गरी स्वीकृत गरेको देखिन्छ। त्यस्तै गाउँपालिकाको कार्यपालिकाबाट विभिन्न मितिमा टिप्पणी आदेशको माध्यमबाट बजेट रकमान्तर गरी उक्त योजनामा खर्च गरेको देखिन्छ। यसरी बिनियोजित बजेट खर्च गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उल्लिखित कानूनी व्यवस्थाको परिपालना गर्नुपर्नेमा सो नगरी कानून विपरीत एउटै योजनाको निमित्त बिनियोजित रु.एक करोड भन्दा बढीको बजेटलाई टुक्रयाई खर्च गरेको देखिन्छ। निज प्रतिवादीहरुले प्रचलित कानून विपरीत प्राविधिक मूल्यांकन प्रतिवेदन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन समेत नलिई सो बिना समान खरिद र ज्यालाको बिलको आधारमा मात्र भुक्तानी दिएको पाइन्छ। स्वीकृत बजेटको आकार हेर्दा, बोलपत्र आह्वान गरी कानूनी प्रकृया पूरा गरी मात्र योजना कार्यान्वयनमा लैजानु पर्नेमा सो नगरी छुट्टाछुट्टै सातवटा उपभेक्ता समिति गठन गरी गराई टुक्रे योजनाको रुपमा गरेको कार्यमा निज प्रतिवादीहरु गोबिन्दबहादुर खड्का, राजुप्रसाद

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			दिई भुक्तानी लिए पश्चात उपभोक्ता समितिको चेक मार्फत सम्बन्धित फर्महरुलाई भुक्तानी दिई रु.३५,०२,६१४।८४ (पैतिस लाख दुई हजार छ सय चौध रुपैया चौरासी पैसा) गैर कानुनी लाभ हानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा ४ को कसुर गरेकोले निज वेत बहादुर पुँवार, ममिता श्रेष्ठ र सुब्बाथापा मगर उपर लिखु तामाकोशी गाँउपालिका, रामेछाप वडा नं. ५ (साविक नागदह गा.वि.स. १-९) र वडा नं. ४ (साविक विजुलीकोट) को विद्युतीकरण गर्दा भएको कुल गैर कानुनी लाभ हानी पुऱ्याएको बिगो रु.१,२६,७५,५०३।६२ मध्ये निज प्रतिवादीहरु संलग्न उपभोक्ता समितिले भुक्तानी लिई दिएको रकम प्रतिशतको आधारमा रु.३५,०२,६१४।८४ (पैतिस लाख दुई हजार छ सय चौध रुपैया चौरासी पैसा) रकम बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद वा बिगो बमोजिम जरिवाना गरी बिगो समेत जफत हुन मागदावी लिईएको छ । विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी, गा.पा.-५ साविक नागदह गाविस ६-९ का अध्यक्ष सुन बहादुर तामाङ, कोषाध्यक्ष करिष्मा नेपाली भन्ने करिष्मा परियार र सचिव दल बहादुर तामाङको हकमा :- लिखु तामाकोशी गाँउपालिका वडा नं. ५ साविक नागदह गा.वि.स. वडा ६-९ मा आ.व. २०७४/०७५ र ०७५/०७६ मा कार्यको अनुभव र क्षमता समेत नभएको अवस्थामा विद्युतीकरण जस्तो प्राविधिक कार्य गर्न सम्झौता गरी जिम्मा लिई आवश्यकता पर्ने भन्दा बढी विद्युतिकरण सम्बन्धी सामाग्रीहरु खरिद गरी तथा थप कार्य गर्दा ०.०३ र ०.०५ कन्डक्टर तार बढि मुल्य तिरी आवश्यक पर्ने भन्दा बढि खरिद गरी खरिद सामानहरुको प्राप्ती, खर्च र मौज्दातको अभिलेख नराखी त्यस मध्ये कतिपय सामानहरु हिनामिना गरी सम्झौता गरी लिएको विद्युतीकरण कार्यको पोल गाड्ने तार तान्ने कार्य कानुन विपरित पाईक कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता गरी सम्पन्न गराई श्रमको काममा समेत मुल्य अभिवृद्धी कर समावेश भएको बिलहरुबाट भुक्तानी लिई र तार तान्ने कामको फिल्डमा खुद गरेको काम भन्दा बढि काम गरेको देखाई जारी बिल	लामा र अमृत तामाङ (रुम्बा) को हकमा अभियोग मागदावी वमोजिमको कसूर ठहर गर्न सक्ने अवस्था नदेखिएको ।	न्यौपाने, टंकप्रसाद चौलागाई, दुर्गाबहादुर तामाङ र नोर्बु लामा र अमृत तामाङ (रुम्बा) को बदनियत देखिरहेको र उल्लिखित कार्यबाट सरकारलाई गैर कानूनी हानीनोक्सानी पुग्न गएको देखिंदा निज प्रतिवादीहरुबाट भएको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ),(च) र (ञ) र दफा ८ को उपदफा (३) को कसूर भन्ने प्रष्ट देखिरहेको अवस्थामा प्रतिवादीहरु गोबिन्दबहादुर खड्का, राजुप्रसाद न्यौपाने, टंकप्रसाद चौलागाई, दुर्गाबहादुर तामाङ नोर्बु लामा लाई आरोप दावी वमोजिम नै कसूर ठहर गरी सजाय गर्नुपर्नेमा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । घ. पाइक कन्स्ट्रक्सन प्रा.लि. का संचालक अमृतबहादुर तामाङ (रुम्बा) ले खुद गरेको काम भन्दा बढीको काम देखाई झुट्टा बिल जारी भुक्तानी लिएको देखिरहेको अवस्थामा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१), ऐ. ऐनको दफा ८ (१) देहाय (ङ) तथा दफा ८(४) को कसुरको मतियार भई ऐ.ऐ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश वमोजिम नै कसूर ठहर गरी सजाय गर्नुपर्नेमा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुर्टिपूर्ण भई बदरभागी रहेको छ ।वदर गरीपाउँ । ङ. प्रतिवादीहरु बेतबहादुर पुँवार, सुब्बा थापा मगर, ममिता श्रेष्ठ, सुनबहादुर तामाङ, करिष्मा परियार, दलबहादुर परियार, मेनुका खड्का, घन्टिदेवी सुनुवार, दिलमाया सुनुवार, अशोककुमार सुनुवार, प्रकाश सुनुवार, अश्मिन रोक्का, युवराज सुनुवार, तारा गुरुङ, प्रचण्ड सुनुवार, बुद्धिबहादुर तामाङ, डिल्लीबहादुर सुनुवार, होमबहादुर महत, अनिता श्रेष्ठ, क्याल्बु तामाङ र काजीबाबु तामाङ ले सम्बन्धित कार्यको अनुभव र कार्यक्षमता नभएको उपभोक्ता समितिहरुसँग

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			समेतमा विद्यमान कानुन र सम्झौताका शर्तहरु प्राविधिकबाट निरीक्षण सुपरिवेक्षण तथा नापजाँच नगराई प्राविधिक प्रतिवेदन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदनसमेतका कागजातहरु विना तथा सार्वजनिक सुनुवाई नगरी तथा सो सम्बन्धमा समितिबाट कुनै निर्णय समेत नगरी सामानहरु खरिद तथा ज्यालाको कामको बिलहरुको आधारमा मात्र भुक्तानी हुन गाँउकार्यपालिकाको कार्यालयमा निवेदन दिई भुक्तानी लिए पश्चात उपभोक्ता समितिको चेक मार्फत सम्बन्धित फर्महरुलाई भुक्तानी दिई रु.३७,८६,९२०।६१ (सैतिस लाख छ्यासी हजार नौ सय बीस रुपैया एकसट्ठी पैसा) गैर कानुनी लाभ हानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा ४ को कसुर गरेकोले निज सुन बहादुर तामाङ, करिष्मा परियार र दल बहादुर तामाङ उपर लिखु तामाकोशी गाँउपालिका, रामेछाप वडा नं. ५ (साविक नागदह गा.वि.स. १-९) र वडा नं. ४ (साविक विजुलीकोट) को विद्युतीकरण गर्दा भएको कुल गैर कानुनी लाभ हानी पुऱ्याएको को बिगो रु.१,२६,७५,५०३।६२ मध्ये निज प्रतिवादीहरु संलग्न उपभोक्ता समितिले भुक्तानी लिई दिएको रकम प्रतिशतको आधारमा रु.३७,८६,९०२।६१ (सैतिस लाख छ्यासी हजार नौ सय बीस रुपैया एकसट्ठी पैसा) रकम बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद वा बिगो बमोजिम जरिवाना गरी बिगो समेत जफत हुन मागदावी लिईएको छ । विद्युतीकरण उपभोक्ता समिति, लिखु गा.पा.-४, साविक विजुलीकोटका अध्यक्ष होम बहादुर महत, कोषाध्यक्ष अनिता श्रेष्ठ र सचिव डिल्ली बहादुर सुनुवारको हकमा :- लिखु तामाकोशी गाँउपालिका वडा नं. ४ साविक विजुलीकोटमा आ.व. २०७४/०७५ र ०७५/०७६ मा कार्यको अनुभव र क्षमता समेत नभएको अवस्थामा विद्युतीकरण जस्तो प्राविधिक कार्य गर्न सम्झौता गरी जिम्मा लिई आवश्यकता पर्ने भन्दा बढी विद्युतिकरण सम्बन्धी सामाग्रीहरु खरिद गरी तथा थप कार्य गर्दा ०.०३ र ०.०५ कन्डक्टर तार बढि मुल्य तिरी आवश्यक पर्ने भन्दा बढि खरिद गरी		विद्युतीकरण जस्तो प्राविधिक कार्य गर्न सम्झौता गरी जिम्मा लिई आवश्यक पर्ने भन्दा बढी विद्युतिकरण सम्बन्धी सामाग्रीहरु खरिद गरी तथा थप कार्य गर्दा ०.०३ र ०.०५ कन्डक्टर तार बढी मुल्य तिरी ल्याएको त्यस्तै, आवश्यक पर्ने भन्दा बढी परिमाणमा सामान खरिद गरी सामान प्राप्ती, खर्च र मौज्दातको अभिलेख नै नराखी त्यस मध्ये कतिपय सामानहरु हिनामिना गरेको साथै सम्झौता गरी लिएको विद्युतीकरण कार्यको पोल गाड्ने, तार तान्ने कार्य कानुन विपरित पाईक कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता गरी सम्पन्न गराई श्रमको काममा समेत मुल्य अभिवृद्धी कर समावेश भएको बिलहरुबाट भुक्तानी लिएको देखिन्छ। तार तान्ने कामको फिल्डमा खुद गरेको काम भन्दा बढी काम गरेको देखाई जारी बिल समेतमा विद्यमान कानुन र सम्झौताका शर्तहरु विपरित कार्य गरेको पाइन्छ। त्यस्तै, प्राविधिकबाट निरीक्षण, सुपरिवेक्षण तथा नापजाँच नगराई प्राविधिक प्रतिवेदन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदनसमेतका कागजातहरु विना तथा सार्वजनिक सुनुवाई नै नगरेको भन्ने देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी निज प्रतिवादी हरु कुनै निर्णायक पदमा बहाल रहेको तथा निजहरुको कार्यमा महत्वपूर्ण भूमिका रहेको भन्ने नदेखिएको आधार ग्रहण गरी प्रतिवादीहरु बेतबहादुर पुँवार, सुब्बा थापा मगर, ममिता श्रेष्ठ, सुनबहादुर तामाङ, करिष्मा परियार, दलबहादुर परियार, मेनुका खड्का, घन्टिदेवी सुनुवार, दिलमाया सुनुवार, अशोककुमार सुनुवार, प्रकाश सुनुवार, अश्मिन रोक्का, युवराज सुनुवार, तारा गुरुङ्ग, प्रचण्ड सुनुवार, बुद्धिबहादुर तामाङ्ग, डिल्लीबहादुर सुनुवार, होमबहादुर महत, अनिता श्रेष्ठ, क्याल्बु तामाङ र काजीबाबु तामाङ लाई आरोप दावीवाट नै सफाई दिने गरी भएको फैसला कानून व्याख्या र प्रमाणको रोहमा त्रुर्टिपूर्ण भई

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			सामान प्राप्ती, खर्च र मौज्दातको अभिलेख नराखी त्यस मध्ये कतिपय सामानहरु हिनामिना गरी सम्झौता गरी लिएको विद्युतीकरण कार्यको पोल गाड्ने तार तान्ने कार्य कानुन विपरित पाईक कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता गरी सम्पन्न गराई श्रमको काममा समेत मुल्य अभिवृद्धी कर समावेश भएको बिलहरुबाट भुक्तानी लिई र तार तान्ने कामको फिल्डमा खुद गरेको काम भन्दा बढि काम गरेको देखाई जारी बिल समेतमा विद्यमान कानुन र सम्झौताका शर्तहरु विपरित प्राविधिकबाट निरीक्षण सुपरिवेक्षण तथा नापजाच नगराई प्राविधिक प्रतिवेदन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदनसमेतका कागजातहरु विना तथा सार्वजनिक सुनुवाई नगरी तथा सो सम्बन्धमा समितिबाट कुनै निर्णय समेत नगरी सामानहरु खरिद तथा ज्यालाको कामको बिलहरुको आधारमा मात्र भुक्तानी हुन गाँउ कार्यपालिकाको कार्यालयमा निवेदन दिई भुक्तानी लिए पश्चात उपभोक्ता समितिको चेक मार्फत सम्बन्धित फर्म र कम्पनीहरुलाई भुक्तानी दिई रु.४२,५३,३८२।२८ (बयालीस लाख त्रिपन्न हजार तीन सय बयासी रुपैया अठ्ठाईस पैसा) गैर कानुनी लाभ हानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा ४ को कसुर गरेकोले निज होम बहादुर महत, अनिता श्रेष्ठ र डिल्ली बहादुर सुनुवार उपर लिखु तामाकोशी गाँउपालिका, रामेछाप वडा नं. ५ (साविक नागदह गा.वि.स. १-९) र वडा नं. ४ (साविक विजुलीकोट) को विद्युतीकरण गर्दा भएको कुल गैर कानुनी लाभ हानी पुऱ्याएको बिगो रु.१,२६,७५,५०३।६२ मध्ये निज प्रतिवादीहरु संलग्न उपभोक्ता समितिले भुक्तानी लिई दिएको रकम प्रतिशतको आधारमा रु.४२,५३,३८२।२८ (बयालीस लाख त्रिपन्न हजार तीन सय बयासी रुपैया अठ्ठाईस पैसा) रकम बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद वा बिगो बमोजिम जरिवाना गरी बिगो समेत जफत हुन माग दावी लिईएको छ । पाइक कन्स्ट्रक्सन प्रा.लि. महाराजगञ्ज, काठमाण्डौका संचालक अमृत बहादुर तामाङ (रुम्बा) भन्ने अमृत बहादुर तामाङको हकमा :- लिखु		वदरभागी रहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			तामाकोशी गाँउपालिका, रामेछापको वडा नं. ५ (साविक नागदह गा.वि.स. वडा नं. १-५ र ६-९) तथा वडा नं. ४ (साविक विजुलीकोट) को विद्युतीकरण कार्यमा पोल तार जडान समेतको श्रमिक कार्य गर्न निज अमृत बहादुर तामाङले उपभोक्ता समितिहरुसँग सम्झौता गरी काम सम्पन्न गरेकोमा ०.०५ र ०.०३ कन्डक्टर तार तान्ने ज्यालाको खुद गरेको काम भन्दा बढिको काम गरेको देखाई तथा फिल्डमा कनेक्टिङ स्वीच जडान नभएको अवस्थामा समेत जडानको काम गरेको देखाई झुट्टा बिलहरु जारी गरी गर्न लगाई उक्त बिलहरुबाट नभएको नगरेको कामको रु.४२,३५,६८६।४७ (बयालिस लाख पैतिस हजार छ सय छयासी रुपैया सच्चालीस पैसा) भुक्तानी लिने/दिने कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ. ऐनको दफा ८ (१) देहाय (ङ) तथा ऐ. ऐनको दफा ८ (४) को कसुरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसुर गरेकोले निज अमृत बहादुर तामाङ (रुम्बा) भन्ने अमृत बहादुर तामाङ उपर बिगो रु.४२,३५,६८६।४७ (बयालिस लाख पैतिस हजार छ सय छयासी रुपैया सच्चालीस पैसा) कायम गरी सोही ऐन २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य प्रतिवादीलाई हुने सजाय बराबर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) तथा दफा ८ को उपदफा (४) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर समेत हुन मागदाबी लिईएको छ । विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी गा.पा.-१ दुरागाउँ १-३ का अध्यक्ष काजीबाबु थापा, कोषाध्यक्ष तारा गुरुङ र सचिव युवराज सुनुवारको हकमा :- लिखु तामाकोशी गाँउपालिका वडा नं. १ साविक दुरागाँउ गा.वि.स. वडा नं. १-३ मा आ.व. ०७५/०७६ मा विद्युतीकरण सम्बन्धी कार्यको अनुभव र क्षमता समेत नभएको अवस्थामा विद्युतीकरण जस्तो प्राविधिक कार्य गर्न सम्झौता गरी लिई पोल गाड्ने, तार तान्ने जडान समेतको श्रमिक कार्य पाइक कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता गरी सम्पन्न गराई तथा		

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			विद्युतीकरणका लागि आवश्यक पर्ने पोल तार समेतका सम्पुर्ण सामग्रीहरु विभिन्न फर्महरुको नामबाट सप्लाई गरेको देखाई डि.जे. सप्लायर्सको प्रोप्राईटर दिपेन्द्र संग्रौलाबाट अस्वभाविक रुपमा बढि मुल्य तिरी आवश्यक पर्ने भन्दा अस्वभाविक रुपमा बढि सामान खरिद गरी खरिद सामानको प्राप्ती, खर्च र मौज्दातको अभिलेख नराखी त्यस मध्ये कतिपय सामानहरु हिनामिना गरी विद्यमान कानुन र सम्झौताका शर्तहरु विपरित प्राविधिकबाट निरीक्षण सुपरिवेक्षण तथा नापजाँच नगराई प्राविधिक प्रतिवेदन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदनसमेतका कागजातहरु विना तथा सार्वजनिक सुनुवाई समेत नगरी सामानहरु खरिद ढुवानी गरेका बिलहरुको आधारमा मात्र गाँउ कार्यपालिकाको कार्यालयबाट भुक्तानी मागी लिई उपभोक्ता समितिको चेक मार्फत सम्बन्धित फर्म र कम्पनीहरुलाई भुक्तानी दिई रु.१,०२,५१,९९५।९९ (एक करोड दुई लाख एकाउन्न हजार नौ सय पन्चानब्बे रुपैया उनान्सय पैसा) गैर कानुनी लाभ हानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा (४) को कसुर गरेकोले निज काजीबाबु थापा, तारा गुरुङ र युवराज सुनुवार उपर लिखु तामाकोशी गाँउपालिका, रामेछाप वडा नं. १ (साविक दुरागाँउ गा.वि.स. १-९) र थप विद्युत प्रसारण योजना होपिनाको विद्युतीकरण गर्दा भएको कुल गैर कानुनी लाभ हानी पुऱ्याएको बिगो रु.२,९४,२५,२०२।६२ मध्ये निज प्रतिवादीहरु संलग्न उपभोक्ता समितिले भुक्तानी लिई दिएको रकम प्रतिशतको आधारमा रु.१,०२,५१,९९५।९९ (एक करोड दुई लाख एकाउन्न हजार नौ सय पन्चानब्बे रुपैया उनान्सय पैसा) रकम बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद वा बिगो बमोजिम जरिवाना गरी बिगो समेत जफत हुन मागदावी लिईएको छ । विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी गा.पा.-१ दुरागाउँ ४-६ का अध्यक्ष बुद्धि बहादुर तामाङ, कोषाध्यक्ष मेनुका खड्का, सचिव अस्मिन रोकाको हकमाः- लिखु तामाकोशी गाँउपालिका वडा नं. १ साविक दुरागाँउ गा.वि.स. वडा नं. ४-६ मा आ.व.		

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			०७५/०७६ मा विद्युतीकरण सम्बन्धी कार्यको अनुभव र क्षमता समेत नभएको अवस्थामा विद्युतीकरण जस्तो प्राविधिक कार्य गर्न सम्झौता गरी लिई पोल गाड्ने, तार तान्ने जडान समेतको श्रमिक कार्य पाइक कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता गरी सम्पन्न गराई तथा विद्युतीकरणका लागि आवश्यक पर्ने पोल तार समेतका सम्पुर्ण सामग्रीहरु विभिन्न फर्म तथा कम्पनीहरुको नामबाट सप्लाई गरेको देखाई डि.जे. सप्लायर्सको प्रोप्राईटर दिपेन्द्र संग्रौलाबाट अस्वभाविक रुपमा बढि मुल्य तिरी आवश्यक पर्ने भन्दा अस्वभाविक रुपमा बढि सामान खरिद गरी खरिद सामानको प्राप्ती, खर्च र मौज्दातको अभिलेख नराखी त्यस मध्ये कतिपय सामानहरु हिनामिना गरी विद्यमान कानुन र सम्झौताका शर्तहरु विपरित प्राविधिकबाट निरीक्षण सुपरिवेक्षण तथा नापजाँच नगराई प्राविधिक प्रतिवेदन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदनसमेतका कागजातहरु विना तथा सार्वजनिक सुनुवाई समेत नगरी सामानहरु खरिद गरेका बिलहरुको आधारमा मात्र गाँउकार्यपालिकाको कार्यालयबाट भुक्तानी मागी लिई उपभोक्ता समितिको चेक मार्फत सम्बन्धित फर्म तथा कम्पनीहरुलाई भुक्तानी दिई रु.८४,९१,६०८।५८ (चौरासी लाख एकानब्बे हजार छ सय आठ रुपैया अन्ठाउन्न पैसा) गैर कानुनी लाभ हानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा (४) को कसुर गरेकोले निज बुद्धि बहादुर तामाङ, मेनुका खड्का, अस्मिन रोका उपर लिखु तामाकोशी गाँउपालिका, रामेछाप वडा नं. १ (साविक दुरागाँउ गा.वि.स. १-९) र थप विद्युत प्रसारण योजना होपिनाको विद्युतीकरण गर्दा भएको कुल गैर कानुनी लाभ हानी पुऱ्याएको बिगो रु.२,९४,२५,२०२।६२ मध्ये निज प्रतिवादीहरु संलग्न उपभोक्ता समितिले भुक्तानी लिई दिएको रकम प्रतिशतको आधारमा रु.८४,९१,६०८।५८ (चौरासी लाख एकानब्बे हजार छ सय आठ रुपैया अन्ठाउन्न पैसा) रकम बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद वा बिगो बमोजिम जरिवाना गरी बिगो समेत जफत हुन मागदावी लिईएको छ विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी गा.पा.-१ दुरागाउँ		

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			७-९, रामेछापका अध्यक्ष प्रचण्ड सुनुवार, कोषाध्यक्ष घन्टिका देवी सुनुवार र सचिब क्याल्बु तामाङको हकमाः- लिखु तामाकोशी गाँउपालिका वडा नं.१ साविक दुरागाँउ गा.वि.स. वडा नं. ७-९ मा आ.व. ०७५/०७६ मा विद्युतीकरण सम्बन्धी कार्यको अनुभव र क्षमता समेत नभएको अवस्थामा विद्युतीकरण जस्तो प्राविधिक कार्य गर्न सम्झौता गरी लिई पोल गाड्ने, तार तान्ने जडान समेतको श्रमिक कार्य पाइक कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता गरी सम्पन्न गराई तथा विद्युतीकरणका लागि आवश्यक पर्ने पोल तार ट्रान्सफर्मर समेतका सम्पुर्ण सामग्रीहरु विभिन्न फर्महरुको नामबाट सप्लाई ढुवानी गरेको देखाई डि.जे. सप्लायर्सको प्रोप्राईटर दिपेन्द्र संग्रौलाबाट अस्वभाविक रुपमा बढि मुल्य तिरी आवश्यक पर्ने भन्दा अस्वभाविक रुपमा बढि सामान खरिद गरी खरिद सामानको प्राप्ती, खर्च र मौज्दातको अभिलेख नराखी त्यस मध्ये कतिपय सामानहरु हिनामिना गरी विद्यमान कानुन र सम्झौताका शर्तहरु विपरित प्राविधिकबाट निरीक्षण सुपरिवेक्षण तथा नापजाँच नगराई प्राविधिक प्रतिवेदन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदनसमेतका कागजातहरु विना तथा सार्वजनिक सुनुवाई समेत नगरी सामानहरु खरिद ढुवानी गरेका बिलहरुको आधारमा मात्र गाँउ कार्यपालिकाको कार्यालयबाट भुक्तानी मागी लिई उपभोक्ता समितिको चेक मार्फत सम्बन्धित फर्म तथा कम्पनीहरुलाई भुक्तानी दिई रु.३२,२९,७३८।६१ (बत्तीस लाख उनान्तीस हजार सात सय अठ्तीस रुपैया एकसठ्ठी पैसा) गैर कानुनी लाभ हानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा (४) को कसुर गरेकोले निज प्रचण्ड सुनुवार र घन्टिका देवी सुनुवार उपर लिखु तामाकोशी गाँउपालिका, रामेछाप वडा नं. १ (साविक दुरागाँउ गा.वि.स. १-९) र थप विद्युत प्रसारण योजना होपिनाको विद्युतीकरण गर्दा भएको कुल गैर कानुनी लाभ हानी पुऱ्याएको बिगो रु.२,९४,२५,२०२।६२ मध्ये निज प्रतिवादीहरु संलग्न उपभोक्ता समितिले भुक्तानी लिई दिएको रकम प्रतिशतको आधारमा रु.३२,२९,७३८।६१ (बत्तीस लाख उनान्तीस हजार सात सय अठ्तीस रुपैया एकसठ्ठी पैसा) रकम बिगो कायम गरी सोही		

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद वा बिगो बमोजिम जरिवाना गरी बिगो समेत जफत हुन मागदावी लिईएको छ । साथै प्रतिवादी क्याल्बु तामाङको मृत्यु भईसकेको भन्ने अनुसन्धानबाट खुलेको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको देखिएकोमा निजलाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुने भएतापनि अपराधीसंगै अपराध मर्दछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ र १५८ समेतको कानुनी व्यवस्था बमोजिम निजलाई कैद र जरिवानाको सजाय हुन नसक्ने तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ र १५८ बमोजिम मरेको व्यक्तिको हकमा समेत सरकारी वा निजी बिगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानूनी व्यवस्था रहेकोले निज समेतले गैर कानुनी लाभ हानी पुऱ्याएको रु.३२,२९,७३८।६१ (बत्तीस लाख उनान्तीस हजार सात सय अठ्तीस रुपैया एकसठ्ठी पैसा) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम बिगो जफत गर्ने प्रयोजनका लागि प्रतिवादी कायम गरी मागदाबी लिईएको छ । थप विद्युत प्रसारण योजना उपभोक्ता समिति, लिखु तामाकोशी गा.पा.-१, रामेछापका अध्यक्ष अशोक कुमार सुनुवार, कोषाध्यक्ष दिलमाया थापा र सचिव प्रकाश सुनुवारको हकमा :- लिखु तामाकोशी गाँउपालिका वडा नं. १ साविक दुरागाँउको थप विद्युत प्रसारण योजना होपिनामा आ.व. ०७५/०७६ मा विद्युतीकरण सम्बन्धी कार्यको अनुभव र क्षमता समेत नभएको अवस्थामा विद्युतीकरण जस्तो प्राविधिक कार्य गर्न सम्झौता गरी लिई पोल गाड्ने, तार तान्ने जडान समेतको श्रमिक कार्य पाइक कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता गरी सम्पन्न गराई तथा विद्युतीकरणका लागि आवश्यक पर्ने पोल तार समेतका सम्पुर्ण सामग्रीहरु विभिन्न फर्महरुको नामबाट सप्लाई ढुवानी गरेको देखाई डि.जे. सप्लायर्सको प्रोप्राईटर दिपेन्द्र संग्रौलाबाट अस्वभाविक रुपमा बढि मुल्य तिरी आवश्यक पर्ने भन्दा अस्वभाविक		

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			रुपमा बढि सामान खरिद गरी खरिद सामानको प्राप्ती, खर्च र मौज्दातको अभिलेख नराखी त्यस मध्ये कतिपय सामानहरु हिनामिना गरी विद्यमान कानुन र सम्झौताका शर्तहरु विपरित प्राविधिकबाट निरीक्षण सुपरिवेक्षण तथा नापजाँच नगराई प्राविधिक प्रतिवेदन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदनसमेतका कागजातहरु विना तथा सार्वजनिक सुनुवाई समेत नगरी सामानहरु खरिद गरेका बिलहरुको आधारमा मात्र गाँउ कार्यपालिकाको कार्यालयबाट भुक्तानी मागी लिई उपभोक्ता समितिको चेक मार्फत सम्बन्धित फर्म तथा कम्पनीहरुलाई भुक्तानी दिई रु.६६,७०,७०८।९६ (छयासठ्ठी लाख सत्तरी हजार सात सय आठ रुपैया छयानब्बे पैसा) गैर कानुनी लाभ हानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा (४) को कसुर गरेकोले निज अशोक कुमार सुनुवार, दिलमाया थापा र प्रकाश सुनुवार उपर लिखु तामाकोशी गाँउपालिका, रामेछाप वडा नं. १ (साविक दुरागाँउ गा.वि.स. १-९) र थप विद्युत प्रसारण योजना होपिनाको विद्युतीकरण गर्दा भएको कुल गैर कानुनी लाभ हानी पुऱ्याएको बिगो रु.२,९४,२५,२०२।६२ मध्ये निज प्रतिवादीहरु संलग्न उपभोक्ता समितिले भुक्तानी लिई दिएको रकम प्रतिशतको आधारमा रु.६६,७०,७०८।९६ (छयासठ्ठी लाख सत्तरी हजार सात सय आठ रुपैया छयानब्बे पैसा) रकम बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद वा बिगो बमोजिम जरिवाना गरी बिगो समेत जफत हुन मागदावी लिईएको छ । लिखु तामाकोशी गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछापका तत्कालीन लेखापाल नोर्बु लामाको हकमा :- लिखु तामाकोशी गाँउपालिकाले आ.व. ०७५/०७६ मा वडा नं. १ साविक दुरागाँउ गाविसको वडा नं. १-९ र थप विद्युत प्रसारण योजना होपिनामा गरेको विद्युतीकरण कार्यमा निज नोर्बु लामाले विभिन्न शिर्षकको रकमबाट गाँउ कार्यपालिका र गाँउसभाको निर्णय विना गाँउपालिका अध्यक्षबाट सदर भएका टिप्पणी आदेश बमोजिम खर्च लेखी सम्झौताका शर्तहरु, गाँउसभा र गाँउ कार्यपालिकाका		

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			निर्णयहरु तथा खरिद निर्माण खर्च सम्बन्धी विद्यमान कानुन विपरित उपभोक्ता समितिहरु र गाँउ कार्यापालिकाको कार्यालयको नाममा लागत अनुमानको मुल्य भन्दा अस्वभाविक रुपमा बढी मुल्य तिरी आवश्यक पर्ने भन्दा अस्वभाविक रुपमा बढि खरिद गरिएका विद्युतीकरण सम्बन्धी सामाग्रीहरुको प्राप्ती, खर्च र बाँकीको अभिलेख नराखी त्यस मध्ये कतिपय सामानहरु हिनामिना गरी प्राविधिक मुल्याङ्कन, नापी किताब, कार्य सम्पन्न प्रतिबदन, अनुगमन समितिको प्रतिवेदन लगायतका भुक्तानी सम्बन्धी अत्यावश्यक कागजातहरु विना सामानहरु खरिद गरेका बिलहरु मात्रको आधारमा जनसहभागिताको अंश र कन्टिन्जेन्सीको रकम कट्टा नगरी भुक्तानी दिई रु.२,९४,२५,२०२।६२ (दुई करोड चौरानब्बे लाख पच्चीस हजार दुई सय दुई रुपैया बासट्ठी पैसा) गैर कानुनी लाभ हानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा (१) को देहाय खण्ड (च) र (ञ) र दफा ८ को उपदफा (३) को कसुर गरेकोले निज नोर्बु लामा उपर रु.२,९४,२५,२०२।६२ (दुई करोड चौरानब्बे लाख पच्चीस हजार दुई सय दुई रुपैया बासट्ठी पैसा) रकम बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा ८ उपदफा (३) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल उपर हुन मागदावी लिईएको छ । लिखु तामाकोशी गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछापका तत्कालीन प्रमुख प्रसाशकीय अधिकृत टंक प्रसाद चौलागाईको हकमाः- लिखु तामाकोशी गाँउपालिकाले आ.व. ०७५/०७६ मा वडा नं. ५ नागदह १-५ र ६-९ तथआ वडा नं. ४ विजुलीकोट र वडा नं. १ साविक दुरागाँउ गाविस वडा नं. १-९ र थप विद्युत प्रसारण योजना होपिनामा गरेको विद्युतीकरण कार्यमा निज टंक प्रसाद चौलागाईले विभिन्न शिर्षकको रकमबाट गाँउकार्यपालिका र गाँउसभाको निर्णय विना गाँउपालिका अध्यक्षबाट सदर भएका टिप्पणी आदेश र निजको तोक बमोजिम खर्च लेखी सम्झौताका शर्तहरु र गाँउसभा र गाँउ कार्यपालिकाबाट भएका		

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			निर्णय तथा खरिद निर्माण सम्बन्धी विद्यमान कानुन विपरित उपभोक्ता समितिहरु र गाँउ कार्यपालिकाको कार्यालयको नाममा लागत अनुमानको मुल्य भन्दा अस्वभाविक रुपमा बढी मुल्य तिरी आवश्यक पर्ने भन्दा अस्वभाविक रुपमा बढि खरिद गरिएका विद्युतीकरण सम्बन्धी सामाग्रीहरुको प्राप्ती, खर्च र बाँकीको अभिलेख नराखी त्यस मध्ये कतिपय सामानहरु हिनामिना गरी प्राविधिक मुल्याङ्कन, नापी किताब कार्य सम्पन्न प्रतिबदन, अनुगमन समितिको प्रतिवेदन लगायतका भुक्तानी सम्बन्धी अत्यावश्यक कागजातहरु विना खरिद बिलहरु मात्रको आधारमा जनसहभागिताको अंश र कन्टिन्जेन्सीको रकम कट्टा नगरीभुक्तानी दिई लिखु तामाकोशी गाँउपालिका, वडा नं. १ साविक नागदह गाविस र वडा नं. ४ साविक विजुलीकोट गा.वि.स.को विद्युतीकरण कार्यमा निजले भुक्तानी दिएको जम्मा रु.५९,२०,०९२।- रकम मध्ये रु.१३,९३,३२५।५३ (तेह्र लाख त्रियानब्बे हजार तीन सय पच्चीस रुपैया त्रिपन्न पैसा) र वडा नं. १ साविक दुरागाँउ गा.वि.स. वडा नं. १-९ र थप विद्युत प्रसारण योजना होपिना समेतको विद्युतीकरण कार्यमा रु.२,९४,२५,२०२।६२ (दुई करोड चौरानब्बे लाख पच्चीस हजार दुई सय दुई रुपैया बासट्ठी पैसा) गरी जम्मा रु.३,०८,१८,५२८।१५ (तीन करोड आठ लाख अठार हजार पाँच सय अट्ठाईस रुपैया पन्ध्र पैसा) गैर कानुनी लाभ हानी पुन्याई भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा (१) को देहाय खण्ड (च) र (ञ) र दफा ८ को उपदफा (३) को कसुर गरेकोले निज टंक प्रसाद चौलागाई उपर रु.३,०८,१८,५२८।१५ (तीन करोड आठ लाख अठार हजार पाँच सय अट्ठाईस रुपैया पन्ध्र पैसा) रकम बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (३) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल उपर हुन मागदावी लिईएको छ ।		